

IRCC-द्वारा वित्त पोषित सेवाहरूको उपयोग गर्ने आमाबुवाहरूको लागि

# नवआगन्तुक शिशुहरूको हेरचाह (CARE FOR NEWCOMER CHILDREN – CNC)-को बारेमा सम्पूर्ण जानकारी

***स्वागत छ! हाम्रो CNC कार्यक्रम विशेष रूपमा ती शिशुहरूलाई सहारा दिनको लागि तयार पारिएको छ जो क्यानडामा नयाँ छन् अनि जसका परिवारहरूले IRCC-द्वारा वित्त पोषित सेवाहरूको उपयोग गरिरहेका छन्। हामी यहाँ मद्दत पुर्‍याउनको लागि उपस्थित छौं।***

***यो तपाईं अनि तपाईंको परिवारको लागि विपुल परिवर्तनको समय हो भनी हामी जान्दछौं। हाम्रो लक्ष्य तपाईंको परिवारले क्यानडामा बसाइँ सर्नुहुँदा तपाईंको शिशुलाई उसलाई स्वागत गरिएको साथै सुरक्षित अनुभव गराउनु तथा उनीहरूको विकास र आत्मविश्वास बढाउनको लागि मद्दत पुर्‍याउनु हो।***

**शिशुले CNC कार्यक्रममा भाग लिएको बेलामा आमाबुवा सदैव त्यही स्थानमा रहनु अनिवार्य छ।**

## तपाईंको शिशुको सुरक्षाभन्दा बढी महत्त्वपूर्ण अरू केही छैन!

हाम्रा कर्मचारी योग्यताप्राप्त अनि अनुभवी छन् अनि यस कुरोमाथि तपाईंले पूर्ण विश्वास गर्न सक्नुहुन्छ।

- सबै कर्मचारीहरूको पृष्ठभूमि/आपराधिक रेकर्डको जाँच गरिएको छ अनि सबैले फर्स्ट एड अर्थात् प्राथमिक उपचारको तालिम लिएका छन्।
- हामी CNC-का नियमहरूको पालना गर्छौं अनि स्वास्थ्य एवम् सुरक्षाका मानकहरूलाई पूरा गर्छौं साथै यो सुनिश्चित गर्नको लागि निगरानी पनि गरिन्छ।
- हामीसित व्यवहार प्रबन्धनसम्बन्धी एक नीति छ जसको उद्देश्य, सबै शिशुहरूप्रति समान व्यवहार अनि सम्मानको भाव सुनिश्चित गर्नु हो। कर्मचारीहरूले सकारात्मक तरिकाहरूद्वारा आचरणलाई सुदृढ बनाउनुपर्छ। शिशुहरूलाई शारीरिक दण्ड दिने वा उनीहरूसित अप्रिय ढङ्गले बोल्ने अनुमति छैन; यसैगरी, उपेक्षा वा निगरानीको अनुपस्थितिको पनि अनुमति छैन।
- कुनै शिशुप्रति नोक्सान पुगेको वा उसको उपेक्षा गरिएको स्थितिमा, यसबारे उपयुक्त अधिकारीहरूलाई कर्मचारीहरूले जानकारी दिनुपर्छ किनभने यो उनीहरूको पेसासित जोडिएको कर्त्तव्य हो साथै कानूनी वाध्यता पनि।

तपाईं अझ अधिक जान्न चाहनुहुन्छ भने हाम्रो व्यवहार वा आचरण प्रबन्धन नीति वा संदिग्ध शिशु दुर्व्यवहार/उपेक्षा नीतिका प्रतिलिपिहरूको लागि हामीलाई नहिचकिचाइ अनुरोध गर्नुहोस्।

## तपाईंले CNC-बाट के अपेक्षा राख्न सक्नुहुन्छ?

क्यानडामा हामी समूहमा शिशुहरूको जसरी हेरचाह गर्छौं, त्यो तपाईंको देशभन्दा भिन्नै हुन सक्छ। अनुशासन, भोजन, भाषा, शिक्षा वा रूटिनहरूको बारेमा तपाईंसित प्रश्नहरू छन् भने, कृपया सोध्नुहोस्। शिशुहरूले खेल-खेलमा सिक्छन् भन्ने कुरो अनुसन्धानले देखाएको छ, यसकारण हाम्रा कर्मचारीहरूले शिशुहरूका रुचि, उमेर, सामर्थ्य अनि संस्कृति अनुरूप शैक्षणिक साथै खेल-आधारित सिकाउने गतिविधिहरूको योजना बनाउँछन्। तपाईंको शिशुले अन्य शिशुहरूसित संसर्गशील हुने अभ्यास गर्नेछ साथै कौसलहरूको विकास गर्नेछ जसले उसलाई स्कूलको लागि तम्तयार बनाउनेछ।

### CNC-सित तालमेल मिलाउनको लागि तपाईंले आफ्नो शिशुको कसरी सहायता गर्न सक्नुहुन्छ?

सुरू-सुरूमा CNC-लाई लिएर तपाईंको शिशु डराउनु वा उसको मनमा भय उत्पन्न हुनु स्वाभाविक हो। यो प्रक्रियालाई सहज बनाउनको लागि कर्मचारीले तपाईंसित मिलेर काम गर्नेछन् तर, पहिले-पहिले, तपाईंको शिशु रून सक्छ, तपाईंसित झुण्डिन सक्छ, वा अन्य व्यवहारहरू प्रदर्शित गर्न सक्छ। तपाईंले आफ्नो शिशुको मनबाट डरलाई कसरी दूर गर्न सक्नुहुन्छ, त्यसबारे जान्नको लागि *CNC-मा स्वागत: शिशुलाई सफलतापूर्वक छोड्नुबारे आमाबुवाहरूको लागि मार्गदर्शिका* (*Welcome to CNC: A Parent's Guide to Gradual Separations*)-को प्रतिलिपि निम्ति अनुरोध गर्नुहोस्।

## आमाबुवा अनि कर्मचारी बीच सर-सम्पर्क र कुराकानी महत्त्वपूर्ण छ!

हामी तपाईंलाई हाम्रा CNC कर्मचारीलाई जान्न-बुझ्न अनि उनीसित आफ्नो शिशुसम्बन्धी जानकारीलाई साझा गर्नको लागि प्रोत्साहित गर्छौं। हामी सबैले


*Funded by: Immigration, Refugees and Citizenship Canada / Financé par : Immigration, Réfugiés et Citoyenneté Canada*

# नवआगन्तुक शिशुहरूको हेरचाह -को बारेमा सम्पूर्ण जानकारी

मिलेर काम गरेको खण्डमा, हामी तपाईंको शिशुलाई अधिक असल ढङ्गमा सहारा दिन सक्छौं र उसलाई सुरक्षित राख्न सक्छौं।

**निम्न कुरोहरूको बारेमा कर्मचारीलाई निश्चित रूपले बताउनुहोस्:**

- एलर्जी वा खानामा परहेज;
- बिमारी वा तपाईंको शिशुले लिइरहेको औषधी (कृपया ध्यान राख्नुहोस्: ज्यानको जोखिम भएका स्थितिहरूमा मात्रै औषधी दिइन्छ अनि यसलाई तपाईंको शिशुका साथ वा उसको ब्याग वा थैलोमा छोड्नु हुँदैन);
- तथा विशेष आवश्यकताहरू वा चुनौतीहरू। उनीहरूले मद्दत पुर्‍याउन सक्छन्!

**यसबारे कर्मचारीलाई बताउनु पनि लाभदायक हुन सक्छ:**

- तपाईंको शिशुको सुत्ने अनि खाने समय;
- तपाईंको शिशुका रुचिहरू अनि उसलाई मनपर्ने भोजन;
- ती शब्दहरू जसले कर्मचारीलाई तपाईंको शिशुसित सम्पर्क गर्नमा मद्दत पुर्‍याउन सक्छ;
- परिवार अनि सहोदरहरूबारे जानकारी (वा परिवारको एक फोटो ल्याउनुहोस्);
- अनि तपाईंले आफ्नो शिशुको हेरचाह गर्ने विशेष तरिकाहरू तथा तपाईं CNC-बाट के चाहनुहुन्छ।

**ध्यान राख्नुपर्ने अन्य कुरोहरू:**

- तपाईंको शिशुको सुरक्षा निम्ति, सेवाहरूको लागि नाउँ दर्ता गरेका आमा वा बुवाले मात्रै शिशुलाई यहाँ छोड्न सक्छन् अनि वापस लैजान सक्छन्।
- शिशुलाई भित्र ल्याउँदा अनि उसलाई यहाँबाट वापस लैजाँदा तपाईंले सदैव हस्ताक्षर गर्नुपर्छ।
- दुवै प्रकारको मौसम अनि कार्यक्रम अन्तर्गत शिशुको गतिविधिलाई ध्यानमा राखेर उसलाई उपयुक्त लुगाफाटो लगाइदिनुहोस्। शिशुले लगाउनुपर्ने लुगाफाटोबारे तपाईंसित प्रश्नहरू छन् भने, कर्मचारीलाई सोध्नुहोस्।
- शिशुको रूटिनलाई कायम राख्न अनि उसलाई स्कूलको लागि तम्तयार पार्नको लागि उसलाई नियमित रूपले ल्याउनु महत्त्वपूर्ण छ। तपाईंको शिशु उपस्थित हुन सक्दैन भने, यसबारे कर्मचारीलाई बताउनुहोस्।
- तपाईंको शिशु बिमार छ भने, बिमारीलाई फैलिनु नदिनको लागि उसलाई घरमै राख्नुहोस्। बिमार वा झाडा-पखालाले ग्रस्त शिशुहरू CNC-मा फर्किनभन्दा 24 घण्टाअघि पूर्णतया निको भएको हुनुपर्छ।

## हाम्रो CNC कार्यक्रमको सम्पूर्ण जानकारी

**हेरचाह गर्नेका नाउँहरू:** ______________________
Caregiver's Name / Nom du dispensateur de soins

| | हो Yes / Oui | होइन Non / Non |
|---|---|---|
| प्रतिरक्षण खोप आवश्यक छ<br>Immunization required / L'enfant doit avoir été vacciné | ○ | ○ |
| हामी स्न्याक्स अर्थात् खाजा उपलब्ध गराउँछौं<br>We provide snacks / Nous fournissons des collations | ○ | ○ |
| शिशुको दिउँसोको भोजन/खाजा लिएर आउनुहोस्<br>Bring food for your child's lunch/snack / Apportez le déjeuner/la collation de votre enfant | ○ | ○ |
| दिउँसोको भोजनमा तपाईं स्वयंले आफ्नो शिशुको ध्यान राख्नुहोस्<br>You care for your child at lunch / Vous prenez soin de votre enfant au déjeuner | ○ | ○ |
| यहाँ सुत्नको लागि समय निर्धारित छ<br>We have a naptime / Notre programme prévoit une sieste | ○ | ○ |

**CNC घण्टाहरू:** ______________________
CNC Hours / Heures de garde d'enfant

| | हो Yes / Oui | होइन Non / Non |
|---|---|---|
| खेल्नमा कुनै असुविस्ता नहुने खेलौना ल्याउनुहोस्<br>Bring a comfort toy / Apportez un jouet réconfortant | ○ | ○ |
| अतिरिक्त लुगाफाटो ल्याउनुहोस्<br>Bring extra clothes / Apportez des vêtements supplémentaires | ○ | ○ |
| घरभित्र लगाउने जुत्ताहरू ल्याउनुहोस्<br>Bring indoor shoes / Apporter des chaussures d'intérieur | ○ | ○ |
| एक कम्बल ल्याउनुहोस् (यदि आवश्यक छ भने)<br>Bring a blanket (if needed) / Apportez une couverture (si nécessaire) | ○ | ○ |
| डायपर्स ल्याउनुहोस् (यदि आवश्यक छ भने)<br>Bring diapers (if needed) / Apportez des couches (si nécessaire) | ○ | ○ |

CMAS

ससाना आप्रवासी शिशुहरुको लागि स्याहार-सुसारमा अनि बसाइँसम्बन्धी समर्थन

*अधिक आमाबुवा संसाधनहरुको निम्ति, हेर्नुहोस्:*
*www.cmascanada.ca*

Care for Newcomer Children


*Funded by: Immigration, Refugees and Citizenship Canada / Financé par : Immigration, Réfugiés et Citoyenneté Canada*